# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

**प्रेश विज्ञप्ति : मिती २०७२।११।१८ गते**

**आरोपपत्र दायर गरिएको ।**

-----------------------------------

महानगरीय प्रहरी परिसर, ललितपुरका प्रहरी नायब उपरीक्षक दयानिधि ज्ञवाली, प्रहरी निरीक्षक रमेश बहादुर सिंह र प्रहरी नायव निरीक्षक लालमणी पाण्डेले दुई पक्ष बिचको लेनदेन विषयमा रकम तिर्ने म्याद लम्ब्याई दिन्छौं भनि छुट्टा छुट्टै घुस/रिसवत माग गर्ने क्रममा प्रहरी नायव निरीक्षक लालमणी पाण्डेले रु.१,५०,०००।- र प्रहरी नायब उपरीक्षक दयानिधि ज्ञवाली र प्रहरी निरीक्षक रमेश बहादुर सिंहले रू.३,००,०००।- घुस/रिसवत माग गरेको भन्ने समेत व्यहोराको उजुरी निवेदनका सम्वन्धमा आयोगबाट अनुसन्धानको लागि खटि गएको टोलीले कलंकी स्थित द स्टुडेन्ट क्याफेबाट घुस/ रिसवत बापतको रु. १,५०,०००/- (एक लाख पचास हजार) रकम लिई सकेको अवस्थामा प्र.ना.नि. लालमणी पाण्डेलाई पक्राउ गरी अनुसन्धान तहकिकात गर्दा प्राप्त सवुद प्रमाणहरुवाट निजले उक्त घुस/रिसवत रकम लिएको पुष्टी हुन आएकोले निज प्र.ना.नी. लालमणी पाण्डेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को कसुर गरेको पुष्टी भएको हुँदा निजलाई रु. १,५०,०००। (अक्षरुपी एक लाख पचास हजार ) रकम विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३(१) (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।